# प्रदेश राजपत्र

प्रदेश नं. ३ प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) हेटौंडा, मकवानपुर, भदौ १९ गते, २०७६ साल (अतिरिक्ताङ्क १६


## भाग १

प्रदेश सरकार

प्रदेश नं. ३, हेटौंडा

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

## सूचना

प्रदेश नं. ३ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०७६ सालको ऐन नं. १२

## प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना**: प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ लाई समसामयिक संशोधन गर्न वान्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको (पहिलो संशोधन) ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (यस पछि "मूल ऐन" भनिएको) को दफा ७ मा संशोधनः** मूल ऐनको दफा ७ को उपदफा (१) पछि देहायको उपदफा (१क.) थपिएको छः-

"(१क.) उपदफा (१) मा उल्लिखित काम कर्तव्यका अतिरिक्त प्रदेश सभा सचिवालयको सचिव एक महिनाभन्दा बढी अवधि बिदा लिई कार्यालयमा अनुपस्थित रहेमा वा सचिवालय सचिवको पदस्थापन नभएमा वा अन्य कुनै कारणले सचिवालय सचिवको पद रिक्त भएमा दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कार्य प्रदेश सभा सचिवले गर्न सक्नेछ।

तर सचिवालय सचिवको पदपूर्ति भई निज आफ्नो पदमा रही कार्य गरेको अवस्थामा सचिवालय सचिवको कार्यहरु प्रदेश सभा सचिवले गर्न पाउने छैन।"

**प्रमाणीकरण मितिः २०७६।०५।१९**

**आज्ञाले,**
**विनोद प्रकाश सिंह**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३, हेटौंडामा मुद्रित।
मूल्य रु.५।-